# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः १) संख्याः ०७, २८ माघ, २०७४


# भाग–२

## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा
## प्रदेश नं. ३, नेपाल

## शैलुङ गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४

**<u>प्रस्तावना:</u>** नेपालको संविधान बमोजिम सहकारिता, सह अस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै संघ, प्रदेश र स्थानीय तह बीच सुमधुर अन्तर सरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवद्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न, स्थानीय तहलाई जनताको विश्वासिलो शासन इकाईका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृति प्रति सम्मान र सहिष्णु भावनाको

विकास गर्न तथा कानूनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण र दिगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरणर क्रियाकलापहरुलाई सोहीअनुरुप मर्यादित र नमुना योग्य तुल्याउनका लागि शैलुङ गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँकार्यपालिकाको तेश्रो बैठकबाट स्वीकृत गरी यो “शैलुङ गाउँपालिकाका पदाधिकारीको आचार संहिता, २०७४” बनाई लागू गरेका छौं।

## भाग - १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो आचार संहिताको नाम“ शैलुङ गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४” रहेको छ।
(२) यो आचार संहिता गाउँसभाबाट पारित भएको मितिदेखि लागूहुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,
(क) “अध्यक्ष” भन्नाले शैलुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।
(ख) “आचार संहिता” भन्नाले गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४ लाई जनाउनेछ।
(ग) “अनुगमन समिति” भन्नाले यस आचार संहिता अनुसार गठित आचार संहिता अनुगमन समितिलाई सम्झनुपर्छ।
(घ) “कार्यपालिका” भन्नाले शैलुङ गाउँकार्यपालिका सम्झनु पर्छ।
(ङ) “पदाधिकारी” भन्नाले शैलुङ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनु पर्दछ।यस शब्दले गाउँपालिकाले आफ्नो कार्यसम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनु पर्दछ।
(च) “सभा” भन्नाले शैलुङ गाउँपालिकाको गाउँसभालाई बुझाउनेछ।
(छ) “स्थानीयतह” भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका, नगरपालिका र जिल्लासभा सम्झनु पर्दछ । यस खण्डमा उल्लिखित नगरपालिका भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई जनाउनेछ।

## भाग - २
## पदाधिकारीका आचारहरु

३. **सामान्य आचारहरुको पालना गर्ने:** पदाधिकारीहरुको पालन तथा अवलम्वन गर्नेसामान्य आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन्। जसको अवलम्वन गर्न हामी प्रतिवद्धता व्यक्त गर्दछौं,

३.१ नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रियएकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ता प्रति प्रतिवद्ध रहँदै,

(क) पदाधिकारीहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकूल हुने कार्य गर्ने छैनौं।

(ख) कुनैपनि पदाधिकारीले राष्ट्रविरुद्ध हुने कार्यमा सघाउ पुर्याउने, राष्ट्रिय गोपनीयता भङ्गगर्ने, राष्ट्रिय सुरक्षामा आँच पुर्याउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुर्याउने कार्य गर्ने वा गराइने छैन।

(ग) कुनै पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी गर्नेछौ।

(घ) कुनैपनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँचपुर्याउने गरी कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्नेछौं।

३.२ संघ, प्रदेश र स्थानीयतह बीचको सु-सम्बन्धमा जोड दिँदै,

(क) पदाधिकारीहरुले संघ, प्रदेश र स्थानीयतह बीचको सुसम्बन्ध, कार्य अधिकार क्षेत्र, कार्यप्रणाली वा संस्थागत प्रबन्धमा कुनै आँच पुर्याउन वा दखल दिन वा अन्तर सरकार सम्बन्धमा खलल पार्ने कुनै क्रियाकलाप गर्न वा वक्तव्य वा प्रकाशन वा प्रचार प्रसार गरिने छैन।

(ख) कुनैपनि आधारमा स्थानीयतहका वासिन्दाहरुलाई भेदभाव गर्ने वा सामान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट वञ्चित गरिने छैन। तर महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगायत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था गर्न प्रतिवद्ध रहनेछौ।

(ग) अन्तर स्थानीयतह तथा अन्तर सरकार वस्तु वा सेवाको निर्वाध आवागमनलाई कुनै बाधा गरिने वा भेदभाव गरिने छैन।

३.३ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, संघ, प्रदेश र स्थानीयतहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका सर्वमान्य सिद्धान्तको प्रबर्द्धन गर्न,

(क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीयतहबाट राज्य शक्तिको प्रयोग, संघीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसात गरिनेछ।

(ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिलाई अनादर गर्ने, जनता प्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने, अवहेलना गर्ने, अन्तरसरकार सम्बन्ध एवं स्थानीयतहहरु र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन।

तर यस कुराले उल्लेखित विषयमा अनुसन्धान मूलक कुनै लेख रचना प्रकाशित गर्न र सो अनुरुप धारणा राख्न रोक लगाएको मानिने छैन।

३.४ साधन श्रोतको पूर्ण सदुपयोग गर्नः

(क) कानुन बमोजिम आफूले पाउने सेवा सुविधा वाहेक स्थानीयतहको साधन, श्रोत, नगद वा जिन्सी कुनैपनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्नु गराउनु हुँदैन।

(ख) कुनैपनि पदाधिकारीले सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नुपर्नेछ।

३.५ आफ्नो जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न गराउन,

(क) कुनैपनि पदाधिकारीले कानूनले तोकिए बमोजिमका पदाधिकारीहरुलाई पूर्वजानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानुहुँदैन।

(ख) पदाधिकारीले प्रचलित कानूनमा तोकिए भन्दा बढी समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा वा कार्यक्षेत्र भन्दाबाहिर जानुपर्ने

भएमा कानूनले तोके बमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नोपदको अख्तियारी नदिई जानुहुँदैन।

३.६ गैर कानूनी आश्वासनलाई निरुत्साहित गर्न

(क) संविधान तथा प्रचलित कानूनले दिएको अधिकार क्षेत्र भन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिनुहुँदैन।

(ख) कानून बमोजिम गर्नुपर्ने काम गर्न वा सेवादिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झण्झट थप्ने वा आफ्नो अधिकार क्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन।

(ग) स्थानीयतहका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रकृयाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई स्थानीयतहको योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृत गरिदिन वा गराई दिने आश्वासन दिनु हुँदैन।

(घ) आफ्नो लागि वा अरु कसैको लागि अनुचित लाभ पुग्नेगरी पदको दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुँदैन।

३.७ राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्न दृढ रहँदै,

(क) राजनीतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारी वा सेवाग्राही तथा आम नागरिकहरु सँग तेरो मेरोको भावना राखी कुनै कार्य गर्नु/गराउनु हुँदैन।

(ख) आफु सम्बद्ध राजनीतिक दल वा सम्बद्ध कुनै निकाय वा संघ संस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वयन गरिने छैन।

३.८ सामाजिक सौहार्दता र समावेशीकरण प्रति दृढ संकल्पित रहँदै,

(क) सामाजिक सद्भाव तथा सौहार्दता खल्बल्याउन नहुनेः विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदाय बीच सामाजिक सद्भाव र सौहर्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन।कुनै सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुँदैन।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नुहुँदैन। कुनै विचार व्यक्त गर्दा जातीय, धार्मिक, साँस्कृतिक वा सामाजिक विद्धेष वा धार्मिक भेदभाव जनाउने खालका कामकुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनैजाति, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा

धक्का लाग्ने वा आघात पुग्नेखालका शव्द/वाणीहरुको प्रयोग गर्नुहुदैन।

(ग) कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नुहुँदैन तथा सबै समुदायका कानूनी हकहित र मौलिक संस्कृति प्रति बोली र व्यवहार दुबै तवरबाट प्रतिकुल असर पर्नेगरी कार्य गर्नु गराउनु हुँदैन।

(घ) कुनैपनि समूदायको परम्परा देखिको धर्म अवलम्बन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नुपर्नेछ।
तर, आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनैपनि क्रियाकलाप हुन दिनुहुँदैन।

(ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनता वीचको सद्भाव विगार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नुपर्नेछ।

३.९ पदाधिकारी बीच कार्य जिम्मेवारीको न्यायोचित बाँडफाँड गर्नः

(क) पदाधिकारी वीच जिम्मेवारी, अधिकार वा सुविधा वा दायित्वको बाँडफाँड गर्दा राजनीतिक दलसँगको सम्बद्धता वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्नुहुँदैन।
तर, कानून बमोजिम बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन।

३.१० कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिनः

(क) पदाधिकारीले सबैसँग शिष्ट र मर्यादित बाणी तथा शब्दको प्रयोग गर्नुपर्नेछ । शालीन र स्वभाविक सामाजिक आचारहरु गर्नुपर्नेछ।जनतासँग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ।

(ख) पदाधिकारीबाट कार्यपालिका र सभाका सदस्यहरु, स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक अर्का प्रति झुटा लाञ्छना लगाउने, रिसराग द्वेष राख्ने तथा एकअर्काको विषयमा अप्रासङ्गिक टिका टिपण्णी गर्नु वा अतिशयोक्तिपूर्ण अभिव्यक्ति दिइने छैन।

(ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही प्रति राम्रो व्यवहार र भाषाको प्रयोग गर्नेछन्।

(घ) पदाधिकारीले संस्थागत रुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीयतह, यसका निर्णयहरु वा कुनै पदाधिकारी वा कर्मचारीलाई होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुँदैन।

(ङ) पदाधिकारी तथा कर्मचारी वीच एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नुपर्नेछ।

च) पदाधिकारीहरुले एक अर्काको व्यक्तिगत रुपमा टिकाटिप्पणी गर्नु हुँदैन तर पदाधिकारीको कामसँग सम्बन्धित विषयमा स्वस्थ रुपमा एकअर्काका कमी कमजोरी तथा सबल पक्षहरुलाई औंल्याउन कुनै बाधा पुग्नेछैन।

(छ) पदाधिकारीहरुले एक अर्काका विषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नुपर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्नेछ।

३.११ सामाजिक मान्यता विरुद्धका आचारहरु निरुत्साहित गर्दैः

(क) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक वा लागु पदार्थको सेवन गर्नुहुँदैन।कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक आदी स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सुर्ती, गुटखा वा पान सेवन गर्नुहुँदैन।

(ख) अन्धविश्वास, अपसंस्कृति, रुढिवाद जस्ता पुरातन एवं अवैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रक्रियामा सक्रिय सहभागिता जनाउनु पर्दछ।

(ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाउँमा जुवा, तासखेल्ने, बाजी लगाउने आदि जस्ता व्यवहारहरु गर्नुहुँदैन।

(घ) पदाधिकारीले कानूनतः मानव अधिकारको हनन ठहरिने, कानूनले बन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरीतका भनि तोकेका समुदायमा प्रचलित कुरीतिहरुले बढावा पाउने व्यवहार गर्नुहुँदैन।

(ङ) विभिन्न जात जाति वा धर्म सम्प्रादायका प्रचलित सामाजिक संस्कारहरु जस्तै विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज आदिमा समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नुहुँदैन र तडकभडक गर्न अरुलाई प्रोत्साहित गर्नुहुँदैन।

(च) पदाधिकारीको हैसियतले कुनै निर्णय गर्दा राजनीतिक, सामाजिक, आर्थिक वा कुनैपनि आधारमा तेरो मेरो भन्ने पक्ष नलिई तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ।

(छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गीय हकहितका विषयहरुमा नकारात्मक टिप्पणी गर्नुहुँदैन।

(ज) पदाधिकारीले आफ्नो क्षेत्रभित्र विद्यमान सामाजिक कुरीति तथा कुसंस्कारका रुपमा रहेका बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छाउपडी, बोक्साबोक्सी, दहेज (दाइजो),
छुवाछुत, जातिगत उँचनिचता, व्यक्तिगत घटना दर्ता नगर्ने प्रवृत्ति, खोप नलगाउने अवस्था, खुलादिसा आदि जस्ता प्रथा प्रचलनलाई निर्मुल गर्न लागिपर्नु पर्नेछ।

३.१२ स्थानीयतहबाट प्रदान गर्ने सेवा, सुविधा, निर्णय प्रक्रिया र सूचनामा जनताको पहुँच बढाउन

(क) प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णयबारे सूचना माग भएमा उपलब्ध गराउनु पर्नेछ। तर प्रचलित कानून तथा आचार संहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई, आर्थिक कारोबारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पत्ति जिउ-ज्यानमा हानीनोक्सानी पुग्ने सूचनाहरु र गोप्य राख्नुपर्ने कुरा प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु वा उपलब्ध गराउनु हुँदैन।

(ख) शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता, समुदायहरुको सौहार्द सम्बन्धमा खलल पर्नेखाले सुचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुँदैन।

३.१३ बदनियत तथा अनधिकृत काम गर्न गराउनबाट रोक्न

(क) प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा बदनियत वा स्वेच्छाचारी रुपमा गर्नु वा गराउनु हुँदैन।यस्तो अधिकारको प्रयोग खुला एवं सहभागिता मूलक रुपमा छलफल गरी गर्नु पर्नेछ।

(ख) आफू वा अन्य कुनै व्यक्ति वा संस्थाबाट अन्य पदाधिकारी वा कार्यालयरसंघ संस्था वा कर्मचारी वा व्यक्तिलाई अनधिकृत काम गराउनु हुँदैन।

३.१४ लैङ्गिक समानताको प्रवर्द्धन गर्दै,

(क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्कने कुनैकार्य गर्नुहुँदैन। लिङ्गको आधारमा कसैको क्षमता माथि आँच आउने गरी कुनै कामकाज गर्न, नीति, कानून वा संरचना बनाइने छैन।

(ख) फरक लिङ्गका पदाधिकारी, कर्मचारी, सेवाग्राही तथा आमनागरिक

प्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनैपनि माध्यमबाट कुनै यौनजन्य दुराशय हुनेखालका कुनै काम कारवाही गर्न गराउन वा यौनजन्य अश्लिल तश्वीरहरु प्रकाशित गर्ने, प्रदर्शन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्नु वा गराउनु हुदैन।

(ग) लेखेर, बोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुष बीचमा भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखानटुक्का, थेगो वा शब्दहरुको प्रयोग गर्नु वा गराउनु हुँदैन।

(घ) लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई लुकाउने र गोप्य राख्ने कार्य गर्ने वा सहयोग पुर्‍याउन गर्नु गराउनु हुदैन।

३.१५ बालवालिकाको सर्वाङ्गिण विकास र हकहित प्रति सचेत रहंदै

(क) वालवालिकाको सार्थक सरोकारका विषय तथा स्थानीय विकास र शासन प्रक्रियामा वालवालिकाको सार्थक सहभागितालाई होच्याउने वा अवमूल्यन गर्ने विचार, अभिव्यक्त दिन वा त्यस्तो व्यवहार गर्न गराउन हुँदैन।

(ख) आफ्नो परिवारमा बालश्रमिक राख्नु हुदैन।समुदायमा बालश्रम वा बालशोषणलाई संरक्षण वा प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न गराउन पाइने छैन।

## ४. <u>सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्बन्धी आचारहरुः</u>

सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्बन्धमा देहायका आचारहरु पालन गर्न प्रतिबद्धता व्यक्त गर्दछौ,

४.१ पदाधिकारी तथा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा वा सुविधा वा भत्ता आफ्नो आन्तरिक श्रोतको कति अंश हुन आउँछ भन्ने यकिन गरी सभामा छलफल गरी आम नागरिकलाई जानकारी दिऐ किफायती रुपमा न्यूनतम सुविधाको व्यवस्था गरिनेछ।

४.२ पदाधिकारीले कानून बमोजिम तथा कार्यालयको काममा बाहेक स्थानीय तहको मानवीय, आर्थिक वा भौतिक साधन श्रोतको आफू वा अन्य कुनै व्यक्तिबाट प्रयोग वा उपयोग गर्नु वा गराइने छैन।

४.३ आफ्नो पदीय ओहदाको आधारमा कुनै समिति, संस्था वा व्यक्तिहरुबाट निजी सेवा तथा सुविधाहरु लिन वा लिन लगाइने छैन।

४.४ स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पतिको प्रयोग गरे वापत पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानून बमोजिम तिर्नु बुझाउनुपर्ने कर, शुल्क, सेवा शुल्क दस्तुर, भाडा बुझाउनबाट छुट लिने दिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन।

४.५ स्थानीयतहका पदाधिकारीहरुले आफूले प्राप्तगर्ने सुविधाहरुको विवरण आम जानकारीका लागि स्थानीयतह मार्फत सार्वजनिक गर्नुपर्नेछ।

## ५. <u>नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गर्नुपर्ने आचारहरुः</u>

नीति, निर्माण, योजना तर्जुमा र निर्णय गर्दा देहायका आचारहरुको पालन गर्न गराउन देहाय बमोजिम गरिनेछ,

५.१ निर्णय प्रकृयामा भागलिनु पूर्व बैठकमा जानकारी दिनुपर्नेः (१) पदाधिकारीले आफू समेत संलग्न भई कुनै निर्णय गर्नुपर्ने बैठकमा छलफलमा भाग लिनुपूर्व देहाय बमोजिमका सूचनाहरु सम्बन्धित भए सो दिनु पर्नेछः

(क) स्थानीयतहको भर्ना प्रकृया, खरीद, बिक्री वा ठेक्कापट्टाको निर्णय प्रकृया, कुनै किसिमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसंगको सम्झौताको म्याद थप वा खारेजीका बिषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता, सम्बन्ध रहेको भए सो कुरा,

(ख) स्थानीयतहको नीति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ वा हानी हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनीसँग लिनु दिनु भए सोको बिवरणहरु,

(ग) कुनै पेशा वा व्य वसायिक संघ संस्थामा पदाधिकारीको प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ भए सोको बिवरण र त्यस्तो काममा लगाउने संस्था सम्बन्धी विबरण,

(२) यदि कुनै पदाधिकारीको निर्णय गर्नुपर्ने पक्ष वा बिषयसँग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रकृयामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देश गर्नुपर्नेछ।

(३) पदाधिकारीले कुनै विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्नुहुदैन।

५.२ सहभागिता मूलक तथा पारदर्शी रूपमा नीति निर्माण र निर्णय गर्ने :

(क) पदाधिकारीहरूले योजनाको छनौट, प्राथमिकिकरण, कार्यान्वयन, अनुगमन, मूल्यांकनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समुहको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्नेछ।

(ख) स्थानीय तहबाट निर्णय दिनुपर्ने विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने विषयका कुराहरु पारदर्शी रुपमा गर्नुपर्नेछ।

(ग) स्थानीयतहका बैठकहरु आम जनताकालागि खुला गर्न उचित प्रकृयाहरु निर्धारण गर्नुपर्नेछ।

(घ) निर्णय गर्दा कानूनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्छ।कानूनले समय नतोकेको अवस्थामा बिषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समयावधि भित्र निर्णय गर्नुपर्नेछ।
तर कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्बिने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

(ङ) पदाधिकारीले नागरिक वा सेवाग्राहीलाई नअल्मल्याउने गरी स्पष्ट राय तथा सल्लाह दिनुपर्नेछ।

६. **<u>पुरस्कार, उपहार, दान, चन्दा वा निजीसेवा, सुविधा र लाभ ग्रहण सम्बन्धी आचरण:</u>** पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धमा देहायका आचारहरुको पालन गर्न गराउन प्रतिबद्ध रहँदै,

(क) कानून बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार, चन्दा लिनु हुँदैन्।त्यस्तो सेवा सुविधा दिनका लागि बाध्य पार्ने कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन।

(ख) स्थानीयतहसँग कुनै खास विषयमा स्वार्थ निहित भएको वा

सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्री व्यवहार र आमन्त्रण, भोज भतेर, खानेपानी, मनोरञ्जन, बसोवास सुविधा, भाडा सुविधा आदि लिनु वा दिनुहुँदैन।

(ग) पदाधिकारीहरुले आफ्नो स्थानीयतहलाई जानकारी नदिई कुनै व्यक्ति, संस्था वा निकायबाट दान, वक्सिस, चन्दा, उपहार स्वीकार गर्नुहुँदैन।

७. **<u>विकास साझेदार, गैर सरकारी संस्था, सामुदायिक संघ संस्था, निजी क्षेत्रसंगको साझेदारी सम्बन्धी आचरणः</u>** विकास साझेदार, गैर सरकारीसंस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसंगको साझेदारी गर्दा देहायका आचारहरुको पालन गर्न प्रतिबद्ध रहँदै,

(क) विकास साझेदार, गैर सरकारी संस्था, सामुदायिक संघ संस्था, निजी क्षेत्रसँग संस्थागत सम्बन्ध र समन्वय प्रबर्द्धन गरिनेछ । व्यक्तिगत लाभ हानीका आधारमा व्यवहार गरिनेछैन।

(ख) विकास साझेदार, गैर सरकारी संस्था, सामुदायिक संघ संस्था, निजी क्षेत्रसँगको आफ्नो क्षेत्रभित्रको योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडी बढाइनेछ।

८. **<u>निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहार सम्बन्धी आचरणहरुः</u>** पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा निष्पक्षता, सम्मान र कदरपूर्ण रुपमा गर्न देहायका आचारहरुको पालन गरिनेछ,

(क) स्थानीयतहको संस्थागत एवं कार्य गत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न प्रयत्नशील रहने।

(ख) पदाधिकारीले पदीय कर्तव्य निर्वाह गर्दा वाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कार्यसम्पादन गर्ने।

(ग) आफ्नो पदीय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रता पूर्वक कार्य सम्पादन गर्ने गराउने।

(घ) कुनै कर्मचारीलाई कार्यसम्पादनको सिलसिलामा अनुचित प्रभाव पार्ने वा दबाब नदिने।

(ङ) प्रचलित कानूनले निषेध गरेको कुनै कार्य गर्न वा गराउन नहुने।

(च) कर्तब्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट गर्न वा गराउन नहुने।

(छ) पदाधिकारीले आफूले गर्ने काम निर्धारित समयभित्र सम्पादन गरिनेछ।कानून बमोजिम सम्पादन गर्नुपर्ने काम समयभित्रै सम्पन्नन गरी आफूले गर्ने काम पन्छाइने छैन।

९. **अन्य आचरणहरुको पालना:** पदाधिकारीका अन्य आचरणहरु देहाय बमोजिम गर्न प्रतिबद्ध रहन्छौं,

(क) आफ्नो सम्पत्तिको विवरण तोकिएको समय भित्र सम्बन्धित निकायमा बुझाई सार्वजनिक गर्नुपर्नेछ।

(ख) स्थानीयतहको काममा कुनै प्रकारको असर पर्न सक्नेगरी वा संविधान र प्रचलित कानून विपरित हुनेगरी स्थानीयतहको स्वीकृती विना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई त्यस्तो बिषय स्वीकार गर्न लगाउनु हुदैन।विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्तहुन आएमा स्थानीयतहमा सो कुराको सूचना दिई निर्णय भए बमोजिम गर्नुपर्नेछ।

(ग) स्थानीयतहको पूर्वस्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनुहुदैन।

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीयतहको काम कारवाहीमा प्रतिकूल प्रभाव पर्नेगरी कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन समाचार माध्यम वा सामाजिक सञ्जाल वा रेडियो वा टेलिभिजनद्धारा प्रसारण गर्न गराउन हुदैन।

(ङ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीयतहको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्नहुदैन।

(च) मुलुकी ऐन विहावारीको महलको विपरित हुनेगरी विवाह गर्न गराउन हुदैन।

(छ) विदेशी मुलुकको स्थायी बसोवास तथा डि.भीको लागि आवेदन गर्नुहुदैन।

(ज) पदाधिकारीले पदीय मर्यादामा आँच आउने गरी कुनै समूह वा व्यक्तिसँग कानुन विपरीत वार्तागर्ने, सम्झौता गर्ने कार्य गर्नु गराउनु हुँदैन।

## भाग-३
## प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु

१०. **प्रचलित कानुनको प्रभावकारी कार्यान्वयनः** (१)नेपालको संविधान, प्रचलित संघीय तथा प्रदेश कानुन, अदालतको निर्णय वा आदेश तथा कानुन बमोजिम संघ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्न र सोको तत्परता पूर्वक प्रभावकारी कार्यान्वयन गरिनेछ।

(२) प्रचलित कानुन बमोजिम पदाधिकारीहरुको सम्पत्ति बिबरण बुझाउने तथा सार्वजनिक गरिनेछ।

(३) पदाधिकारीले प्रचलित कानुन बमोजिम स्थानीयतहको बेरुजु तथा पेश्की फर्छ्यौटको कार्यमा जिम्मेवारी बहन गर्नुपर्नेछ।

११. **अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण सम्बन्धी कानुनको कार्यान्वयनमा सहयोगः**

(१) स्थानीयतहका पदाधिकारीहरुले प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग हुने किसिमका आचारहरु गर्नु वा गराउनु हुदैन।

(२) स्थानीयतहका पदाधिकारीले स्थानीयतहमा प्रचलित कानुन बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्बन्धित निकायबाट हुनेछानविन, अनुसन्धान तथा जाँचबुझमा सहयोग गर्नुपर्नेछ।

(३) पदाधिकारीले आफूले थाहा पाएको भ्रष्टाचार मानिने कार्यहरुको सूचना दिने र लिने गर्नुपर्दछ, त्यस्तो सूचना लुकाउन र लुकाउन सहयोग गर्नुहुदैन।

(४) पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा स्वार्थको द्वन्द्व देखिन सक्ने बाह्य क्रियाकलाप, रोजगारी, लगानी, सम्पत्ति, उपहार वा लाभ लगायतका कुराहरु बारे स्पष्ट गरी कार्यसम्पादन गर्नुपर्दछ।

(५) भ्रष्टाचारबाट आर्जित सम्पत्ति राख्ने, लुकाउने तथा प्रयोग गर्ने जस्ताकार्यलाई दुरुत्साहन गर्नु पर्दछ।

(६) भ्रष्टाचारबाट आर्जित सम्पत्तिको खोजतलास, रोक्का, स्थानान्तरण, नियन्त्रण, जफत एवं फिर्ता सम्बन्धी कार्यमा सहयोग पुऱ्याउनु पर्दछ।

(७) पदाधिकारीले आफूले र आफ्नो परिवारको नाममा कुनै जायजेथा खरिद गर्दा सार्वजनिक गरेर गर्नु पर्नेछ।

१२. **निर्वाचन आचार संहिताको पालन गर्नुपर्नेः** (१) स्थानीयतहका जनप्रतिनिधिहरुले निर्वाचनका वखत पालन गर्नुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नुपर्नेछ।

(२) स्थानीय निकायका पदाधिकारीहरुले निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन तथा पालन गर्न गराउन सहयोग गर्नुपर्नेछ।

(३) स्थानीय तहका पदाधिकारीहरुले आफ्नो ओहोदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सो सँग सम्बन्धित प्रयोजनकालागि आफू वा अरु कसैबाट प्रयोग गर्न वा प्रयोग गराउनको लागि दिनु हुँदैन।

(४) निर्वाचन प्रयोजनका लागि यस्तो सुविधा दिन वा लिनका लागि स्थानीय तहहरुबाट संस्थागत रुपमा कुनै निर्णय गर्नु वा गराउनु समेत हुदैन।

१३. **आचार संहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेः** (१) आचार संहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गरिनेछ,

(क) आचार संहिताको कार्यान्वयन समितिको व्यवस्था गरिनेः कार्यपालिकाले अध्यक्ष वा प्रमुख वा कार्यपालिकाले तोकेको सदस्यको संयोजकत्वमा आचार संहिता कार्यान्वयन समिति गठन गरिनेछ।सो समितिले नियमित रुपमा आचार संहिता कार्यान्वयनको पक्षलाई सहयोग पुर्याई कार्यपालिकाको बैठकमा नियमित प्रतिवेदन दिनुपर्नेछ।

(ख) अनुगमन समितिलाई सहयोग पुर्याउनु पर्नेः यस आचार संहिताको प्रभावकारी कार्यान्वयनका लागिअनु गमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराइनेछ।

(२) पदाधिकारीले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही, पारदर्शी सेवा प्रवाहको प्रबन्ध गर्न, देहाय बमोजिम गर्न गराउन आवश्यक व्यवस्था गरिनेछ।

(क) नागरिक बडापत्र बमोजिम कार्यसम्पादन गर्नुपर्ने, नागरिकबडा पत्र सम्बन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नु, गराउनु पर्नेछ।

(ख) स्थानीय तहले नागरिक बडापत्रमा उल्लेख भएअनुसार छिटो

छरितो सेवा प्राप्त नभएमा सो उपर गुनासो सुनुवाई हुने र छानबिनबाट सेवाग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्योहोर्नु परेको देखिएमा पीडितपक्षलाई उचित उपचार र क्षतिपूर्ति उपलब्ध हुने व्यवस्था गर्नु गराउनु पर्नेछ।

(३) कुनै पनिपदाधिकारीले आफूकहाँ आएको गुनासो तत्कालै सुन्ने व्यवस्था मिलाई फर्छ्यौट गर्नुपर्नेछ।

## भाग -४
## आचार संहिताको पालना गर्ने गराउने व्यवस्था

**१४. आचार संहिता अनुगमन समितिको गठनः** (१) कुनै पदाधिकारीले यस आचार संहिता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम पालन गर्नुपर्ने आचारहरु उल्लंघन गरे, नगरेको सम्बन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि सभाले सभाका सदस्यहरु मध्येबाट देहाय बमोजिमको एक पदाधिकारीको आचार संहिता अनुगमन समितिको गठन गरिनेछ।

(क) सभाका सदस्यहरुले आफू मध्येबाट छनौट गरेको एकजना -संयोजक

(ख) सभाका सदस्यहरुले आफू मध्येबाट छनौट गरेको कम्तिमा एक जना महिला सहित दुईजना- सदस्य

(ग) कार्यकारी अधिकृतले तोकेको स्थानीय तहको एकजना अधिकृत कर्मचारी - सदस्य सचिव

(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सचिवमाथि नै यस आचार संहिताको उल्लङघनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो विषयको छलफल, जाँच बुझ तथा निर्णय प्रक्रियामा निज सहभागी हुन पाउने छैन।

(३) यस आचार संहिताको संयुक्त रुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा सचिवमाथि कुनै उजुरी परेकोमा त्यस उपर सम्बन्धित कार्य समितिले छानबिन गरी त्यसपछि बस्ने सभाको बैठकमा पेश गर्नुपर्नेछ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधि दुईवर्षको हुनेछ।यस समितिका सदस्यहरु लगातार दुईकार्य काल भन्दा बढीका लागि निर्वाचित हुनसक्ने छैनन्। तर स्थानीय तहको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वतः समाप्त भएको मानिनेछ।

**१५. <u>अनुगमन समितिको काम, कर्तव्य तथा अधिकारः</u>** (१)अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

(क) कुनै पदाधिकारीले आचार संहिता उल्लघंन गरे, नगरेको सम्बन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर छानविन गर्नसक्ने।

(ख) जाँचबुझ तथा छानविनका सिलसिलामा समाव्हन जारी गर्ने र साक्षी प्रमाण बुझ्ने अधिकार हुने।

(ग) अनुगमन समितिका सदस्यहरुले स्थानीय तहको सिफारिस तथा आमन्त्रणमा स्थानीयतहको जुनसुकै बैठकमा उपस्थित भई आफ्नो कामका विषयमा जानकारी दिन सक्नेछन्।

२) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाउँ, सामाग्री तथा उचित वातावरण बनाई दिने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

**१६. <u>अनुगमन समितिको बैठक तथा कार्यविधिः</u>**

(१) अनुगमन समितिको कार्यसञ्चालन, विधि देहायमा उल्लेख भए अनुसार हुनेछ।

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्बन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनुपर्नेछ।

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको विवरण सहितको राय प्रतिवेदन सम्बन्धित कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोक्न सक्नेछ।

**१७. <u>अनुगमन समितिका सदस्यहरुको सेवा तथा सुविधाः</u> (१)** अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु स्थानीय तहले तोके बमोजिम हुनेछ।

**१८. <u>उजुरीः</u>** (१)स्थानीय तहको कुनै पदाधिकारीले पेशागत आचार, उल्लंघन गरेकोमा त्यस विषयमा अनुगमन समिति समक्ष उजुर दिन सकिनेछ।

(२) माथि (१) बमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचार उल्लंघन गरेको हो सो को आधार, प्रमाण खुलाउनु पर्नेछ।स्थानीय तहले उजुरी फारामको नमुना बनाई सबैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ।

(३) उजुरीको सम्बन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरीकर्तासँग थप विवरण वा कागजात माग गर्न सक्नेछ।

१९. **गोप्य राख्नुपर्नेः** (१)अनुगमन समितिले उजुरी कर्ताको नाम गोप्य राख्नुपर्नेछ।

(२) प्राप्त उजुरीको आधारमा कुनै पदाधिकारीमाथि लागेको आरोपमाथि छानविन जारीरहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नुपर्नेछ।

२०. **जाँचबुझः**

(१) यस आचार संहितामा उल्लेखित आचारहरुको उल्लंघन गरेको विषयमा अनुगमन समितिको राय, सुझाव वा प्रतिवेदन आवश्यक कारवाहीका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ।प्रतिवेदन पेश गर्नु पूर्व सो समितिले देहायका प्रक्रियाहरु पुरा गर्नुपर्नेछ।

(क) कुनै पदाधिकारीका विरुद्ध आचार संहिता उल्लंघन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कारवाही गर्ने आवश्यक छ वा छैन भनी जाँच बुझ गर्न वा गराउन सक्नेछ।

(२) जाँचबुझ गर्दा कुनै पदाधिकारी उपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनुपर्नेछ।

(३) सफाई पेश गर्ने मौका दिदाँ सम्बन्धित पदाधिकारी बिरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी आवश्यक कारवाहीका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

२१. **अनुगमन समितिको सिफारिस कार्यान्वयन गर्नेः** (१) अनुगमन समितिले यस आचार संहितामा उल्लेखित कुराहरुको पालन भए नभएको सम्बन्धमा आवश्यक राय, सुझाव तथा सिफारिस सहित कार्यान्वयनका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदन तथा राय, सुझाव र सिफारिस उपर कार्यपालिकामा छलफल गरी आवश्यक निर्णय सहित कार्यान्वयन गर्नुपर्नेछ।

(३) आचार संहिताको पालनका विषयमा स्थानीय तहमा छलफल हुंदाका बखत सम्बन्धित पक्षका प्रतिनिधिहरुलाई सहभागी गराउन सकिनेछ।

२२. **आचार संहिताको उल्लंघनमा सजायः** (१) यस आचार संहिताको कार्यान्वयन गर्दा स्थानीय तहबाट सजायको रुपमा देहायमा उल्लेखित

एक वा सो भन्दा बढी प्रक्रियाहरु अपनाउन सकिनेछ।

(क) सम्बन्धित पदाधिकारीलाई सचेत गराउने।

(ख) आलोचना तथा आत्मआलोचना गर्न लगाई सो को जानकारी सार्वजनिक गर्न लगाउने।

(ग) सार्वजनिक सुनुवाईका लागि सार्वजनिक गर्ने, गराउने।

(घ) प्रचलित ऐन, कानूनको उल्लंघन भएको अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कारवाहीका लागि लेखि पठाउने।

(२) आरोपित पदाधिकारीमाथि भएको कुनै पनि कारवाहीका विषयमा निज कुनै राजनीतिक दलसँग आवद्ध भएको हकमा सम्बन्धित राजनीतिक दललाई जानकारी गराउनु पर्ने।

२३. **कारवाहीको विवरण सार्वजनिक गर्नुपर्नेः** आचार संहिताको कार्यान्वयनका सम्बन्धमा पदाधिकारी माथि भएको कारवाहीको विवरण आम जानकारीको लागि स्थानीय तहको सूचनापाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ। सो को जानकारी राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारको सम्बन्धित विभाग ्निकाय, स्थानीय प्रशासनलाई गराउनु पर्नेछ।

## भाग-५
## विविध

२४. **आचार संहिताको पालन गर्नु सबैको कर्तव्य हुनेः** (१) यो आचार संहिताको पालन गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ।

२५. **पदाधिकारीलाई आचार संहिताको जानकारी दिनुपर्नेः** (१) यो आचार संहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई हस्ताक्षार गराई लागु गर्नुपर्नेछ।

२६. **सरोकार वालाहरुलाई आचार संहिताको जानकारी उपलब्ध गराउनु पर्नेः** (१) स्थानीयतहका पदाधिकारीको आचार संहिता, समय(समयमा आचार संहितामा भएको संशोधनको विवरण तथा आचार संहिताको कार्यान्यवनको विवरणहरुको जानकारी वार्षिक रुपमा स्थानीय तहका राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, तथा प्रदेश सरकारका सम्बन्धित निकायलाई गराउनु पर्नेछ।

२७. **आचार संहिताको कार्यान्वयनमा राजनीतिक दलको सहयोग:** (१) कुनै पदाधिकारीबाट यस आचार संहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेको आरोप तथा सो सम्बन्धमा सिफारिस भएको कारवाहीको विवरण समेत सम्बन्धित पदाधिकारी सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनुका साथै सार्वजनिक समेत गर्नुपर्नेछ।

(२) जाँचबुझको आधारमा पदाधिकारी उपर कारवाहीको लागि भएको सिफारिसको कार्यान्वयन गर्ने वा सचेत गराउने काममा सरकारी निकाय एवं राजनीतिक दलहरुको सहयोग लिन सकिनेछ।

२८. **आचार संहितामा संशोधनः**

(१) स्थानीय तहका सभाबाट आचार संहितामा संशोधन गर्न सकिनेछ।

(२) आचार संहितामा भएको संशोधनको जानकारी सम्बन्धित सबै पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरुलाई दिनुपर्नेछ।

(३) निर्वाचन आचार संहितामा संशोधन भएको खण्डमा आम जनताको जानकारीको लागि सार्वजनिक गर्नुपर्नेछ।

(४) गाउँपालिकाले आफ्नो स्थानीय विशिष्टता, कार्य प्रकृति र आवश्कता अनुसार यस आचार संहितामा समय-समयमा थप व्यवस्था समावेश गरी लागु गर्न सकिनेछ।

**प्रमाणिकरण मिति : २७ असार, २०७४**

**आज्ञाले,**
**रमेश विश्वकर्मा (सुनार)**
**प्रमुख प्रशासकीय अधिकृत**